## परिच्छेद ३ (सदस्यता)

### धारा - ६, सदस्यताको योग्यता

(क) साधारण सदस्य :- त्रि.वि.वि. बाट मान्यता प्राप्त वा अन्तर्गतका कुनै विश्व विद्यालय वा उच्च शिक्षण संस्थाबाट क्षेत्रीय योजना (Regional Planning) वा शहरी योजना (Urban Planning) वा भौतिक योजना (Physical and Infrastructure Planning) वा आवास (Housing) वा शहरी डिजाइन (Urban Design) वा शहरी संरक्षण (Urban Conservation) बिषयमा कम्तिमा स्नातक उपाधि प्राप्त गरेको नेपाली नागरिकले समाजको सदस्यता प्राप्त गर्न सक्नेछ ।

(क)१. माथि ६ (क) मा उल्लेखित विषयमा स्नातक वा स्नातकोत्तर उपाधि प्राप्त नगरेको भए निम्न अनुसारको नेपाली व्यक्तिलाई सदस्यता समिति (धारा ८ अनुसार) को सिफारिसमा कार्यकारीणी समिति अनुमोदन गरेमा साधारण सदस्यता प्रदान गरिनेछ ।

* इन्जिनियरीङ्ग वा आर्किटेक्चर बिषयमा स्नातक वा अन्य कुनै विषयमा स्नातकोत्तरको योग्यता भई धारा ६ (क) मा उल्लेखित विषयमा ६ महिना भन्दा बदी अध्ययन गरी १० (दस) बर्ष क्षेत्रीय वा शहरी योजना सम्बन्धी कार्य गरेको ।
* इन्जिनियरीङ्ग वा आर्किटेक्चर बिषयमा स्नातक वा अन्य कुनै विषयमा स्नातकोत्तरको योग्यता भई धारा ६ (क) मा उल्लेखित विषयमा ३ महिना भन्दा बढी अध्ययन गरी १५ बर्ष क्षेत्रीय वा शहरी योजना सम्बन्धी कार्य गरेको ।
* एसोसियत सदस्य अनवरत रुपमा १५ (पन्ध्र) बर्ष सम्म भएको

**नोट :-** यस्तो सदस्यताको लागि दरखास्त प्राप्त भएको जानकारी एक महिना सार्वजनिक गरी मात्र सदस्यता समितिले निर्णय गर्न सक्नेछ ।

(ख) आजीवन सदस्य :-

(अ) यस आधारको खण्ड (क) मा तोकिए बमोजिमको योग्यता पुगेको जुनसुकै व्यक्तिले साधारण सदस्यता प्राप्त गरेको तीन बर्ष पुगी सकेपछि दस बर्षको बार्षिक शुल्क एक मुष्ट बुझाएर समितिमा आवेदन दिई सो आवेदन समितिबाट स्विकृत भएमा ।

(आ) कम्तिमा २० बर्ष सम्म अटुट रुपले तोकिएको सदस्यता शुल्क तिरिसकेको ६५ बर्ष उमेर पुगेको कुनै सदस्यलाई समितिले स्वतः आजिवन सदस्यता प्रदान गर्ने छ ।

(ग) एसोशिएट सदस्य :-

यसै धारा को खण्ड (क) मा उल्लेखित योग्यता नपुगेका तर आर्किटेक्चर वा सिभिल इन्जिनियरीङ्गमा स्नातक वा अन्य सम्बन्धित विषयमा स्नातकोत्तर, उपाधि प्राप्त गरी कम्तिमा १५ बर्ष सम्म क्षेत्रीय अथवा शहरी योजनाकार पेशामा स्विकृती कार्यरत रहेका व्यक्तिले समाजको सदस्यता लिने मनसाय राखी आवेदन दिइ सो आवेदन दिइ सो आवेदन समितिद्धारा स्विकृती भएमा ।

(घ) मानार्थ सदस्य :- समाजको हक हितको संरक्षण तथा प्रतिष्ठा संबर्धन कार्यमा विशेष योगदान गरेको राष्ट्रिय अथवा अन्तराष्ट्रिय जगतमा क्षेत्रिय वा शहरी योजनाको क्षेत्रमा वा शहरी योजनाकारको पेशाको हक हितमा कार्य गरेको होस वा योगदान गरेको आदी, ख्याती प्राप्त व्यक्तिलाई निजको योग्यता यसै धाराको खण्ड (क) बमोजिम नपुगेको भएतापनि सदस्यता समिति को सिफारिसमा साधारण सभामा उपस्थित सदस्यहरुको कम्तीमा दुई तिहाई संख्याले पारित गरी निजलाई मानार्थ सदस्यता प्रदान गर्न सकिने छ ।

(ङ) विद्यार्थी सदस्य :- मुलुक भित्र वा मुलुक बाहिर रही धारा ६(क) अन्तर्गतका विषयहरुमा अध्ययनरत नेपाली नागरिकहरुले समितिमा उम्मेदवार र मतदान गर्न नपाउने तर अन्य क्रियाकलाव र उप-समितिहरुमा साधारण सदस्य सरह हुने गरी बसी बढीमा २ बर्ष सम्मको लागि विद्यार्थी सदस्यता लिन पाउने छन् ।